# पहिलो अध्याय
# शोध परिचय

## १.१ शोध शीर्षक

यस शोध प्रबन्धको शीर्षक **प्रकाश कोविदका लोकप्रिय उपन्यासहरूको समाजपरक अध्ययन** रहेको छ।

## १.२ शोध समस्याकथन

लोकप्रिय उपन्यास लेखेर पाठक समुदायको बृहत् सङ्ख्या निर्माण गर्ने प्रक्रिया साहित्य लेखनका क्षेत्रमा पाइन्छ। यसैले लोकप्रिय उपन्यास लेखन र पठनको क्षेत्र व्यापक रहेको छ। साहित्य अध्ययनका क्षेत्रमा लोकप्रिय उपन्यासलाई हेय दृष्टिले हेरेर अध्ययनदेखि पन्छाउँदा लेखन र पठनको एउटा पाटो नै ओझलमा परेर जान्छ। साहित्यको समाजपरक अध्ययनमा पनि यसखाले लेखन र पठनलाई दृष्टिभेद गर्दा लेखनको एउटा क्षेत्र र समाजसँग त्यसको सम्बन्ध नै लोप भएर गएको हुन्छ। लोकप्रिय उपन्यास अथवा साहित्यबारे अध्ययन गर्दा साहित्यको समाजपरक अध्ययनले समग्रता प्राप्त गर्ने अवसर पाउँछ। साहित्य अध्ययनका क्षेत्रमा अभिजात्यवादी दृष्टि मात्र अँगाल्दा बृहत् पाठक समुदायका निम्ति लेखिने लोकप्रिय लेखन अध्ययनका क्षेत्रदेखि किनारीकृत अवस्थामा रहने हुन्छ। लोकप्रिय उपन्यास अथवा साहित्य पढ्ने पाठक समुदायको सङ्ख्या धेर हुने हुनाले यसको समाजपरक अध्ययन महत्त्वपूर्ण हुन्छ किनभने पाठक कुनै समाजसँग सम्बन्धित हुन्छन् र लोकप्रिय उपन्यासले पाठक र त्यस समाजसँग सम्बन्ध स्थापना गरेको हुन्छ। समाजमा व्याप्त पाठकको लोकप्रिय रुचि एवम् आकांक्षा र त्यसको निर्माणमा सामाजिक परिवेशको भूमिका लोकप्रिय उपन्यासको अध्ययनद्वारा जान्न सकिन्छ। नेपाली लोकप्रिय उपन्यास लेखनका क्षेत्रमा प्रकाश कोविदको योगदान महत्त्वपूर्ण छ।

साहित्यिक मर्यादा र मापतौलका दृष्टिले उनका उपन्यासहरूलाई अध्ययनका क्षेत्रदेखि पर नै राखिएको छ। यस शोध प्रबन्धमा प्रकाश कोविदका उपन्यासहरूको समाजपरक अध्ययन गर्नका निम्ति निम्नलिखित समस्याहरूबारे दृष्टि राखिएको छ-

क. लोकप्रिय साहित्य र गम्भीर साहित्यको सम्बन्ध के कस्तो छ?

ख. नेपाली साहित्य अध्ययनका क्षेत्रमा लोकप्रिय साहित्य अध्ययनका क्षेत्रतिर कतिसम्म ध्यान दिइएको छ?

ग. लोकप्रिय साहित्यको समाजपरक अध्ययनले के-कस्तो महत्त्व राख्छ?

घ. लोकप्रिय साहित्यले समाजसँग कसरी सम्बन्ध स्थापना गरेको हुन्छ?

ङ. प्रकाश कोविदका लोकप्रिय उपन्यासहरु के-कस्ता स्वरुपका छन्?

च. लोकप्रिय आख्यान लेखकका रुपमा प्रकाश कोविदको स्थान र महत्त्व के-कस्तो छ?

छ. समाजसँग प्रकाश कोविदका लोकप्रिय उपन्यासहरुले के-कसरी सम्बन्ध स्थापना गरेका छन्?

ज. कोविदका लोकप्रिय उपन्यासहरूको सामाजिक महत्त्व कसरी देखिन्छ?

यी समस्याहरूमा आधारित भएर नेपाली भाषा-साहित्यमा शोधकार्य गर्ने काम भएको पाइँदैन। यसर्थ यिनै समस्याहरुमाथि आधारित भई यस शोध प्रबन्धमा प्रकाश कोविदका उपन्यासहरुको समाजपरक अध्ययन प्रस्तुत गरिएको छ।

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यका उद्देश्य निम्न बुँदाहरुमा प्रस्तुत छ-

क. लोकप्रिय साहित्यबारे अध्ययन प्रस्तुत गर्नु।

ख. लोकप्रिय साहित्यको समाजपरक अध्ययन गर्ने सैद्धान्तिक ढाँचाको खोजी गर्नु।

ग. नेपाली उपन्यासको विकास परम्परामा लोकप्रिय साहित्यबारे परिचयात्मक सर्वेक्षण प्रस्तुत गर्नु।

घ. नेपाली उपन्यास लेखनका क्षेत्रमा प्रकाश कोविदको योगदान र स्थान निर्धारण गर्नु।

ङ. कोविदका उपन्यास र समाजको सम्बन्ध देखाउनका निम्ति तिनको समाज सापेक्ष अध्ययन प्रस्तुत गर्नु।

च. आख्यान लेखकका रूपमा प्रकाश कोविदका आख्यानकारिताको वैशिष्ट्य प्रस्तुत गर्नु।

छ. प्रस्तुत शोधकार्य गरी यस विषयमा विश्वविद्यालयबाट विद्यावारिधि (पिएच. डी.) डिग्री प्राप्त गर्नु।

## १.४ पूर्वकार्यको सर्वेक्षण

भाषा-साहित्यका क्षेत्रमा गम्भीर एवम् कलात्मक साहित्य सृजनासँगसँगै लोकप्रिय साहित्य लेख्ने काम पनि भएको देखिन्छ। वर्तमान सञ्चार माध्यमको विकास र बजार व्यवस्थाको सञ्जालले यस प्रकारको लेखनलाई अझ टेवा पुऱ्याएको छ। समाजमा पाठक समुदायको बृहत् सङ्ख्यालाई प्रभाव पारेर लाने सूत्रको खोजी गरेर यस प्रकारको लेखन समयानुसार अद्यतनीकरण भइरहेको पाइन्छ। समयानुकूल पाठकका पठन रुचि र आकांक्षा बुझेर अनि त्यसमाथि सूत्रको परियोजना स्थापना गरेर लोकप्रिय आख्यान सृजना गर्ने काम अद्यावधि भइरहेको छ। यसो हुँदा लोकप्रिय उपन्यासमा समयानुकूल सामाजिक परिवेश र पाठकीय रुचि प्रदर्शित भएका हुन्छन्। लोकप्रिय उपन्यासहरू बसाइको एक अवधिभित्र पढेर बुझ्न सकिने सरल भाषाका सूत्रबद्ध लेखन भए तापनि पाठक र समाजसँग यसले सम्बन्ध स्थापना गरेको हुँदैन भन्न सकिँदैन। समाजमा पाठकले चाहेका र रुचाएका विषयहरू लोकप्रिय लेखनको प्राथमिक उद्देश्य बन्दछ। पाठकले चाहेको र कल्पना गरेको समाज निर्माणमा लोकप्रिय लेखनको परियोजना प्राथमिक स्तरमा रहन्छ। यसो हुँदा लोकप्रिय उपन्यास अथवा साहित्यको अध्ययनले पनि साहित्य अध्ययनका क्षेत्रमा महत्त्व राख्छ। प्रकाश कोविदका उपन्यास पढ्ने पाठकहरूको सङ्ख्या थोरै नभए तापनि उनका उपन्यासहरूको अध्ययन गर्ने काम भएको पाइँदैन। नेपाली साहित्यमा लोकप्रिय आख्यान लेखन परम्परा र त्यसको केन्द्रमा रही प्रकाश कोविदका उपन्यासहरूको विशद् अध्ययन अद्यावधि भएको पाइँदैन। यस क्षेत्रमा एकाध समालोचक र लघु शोध प्रबन्धद्वारा उनको स्फुट अध्ययन गरिएको भने पाइन्छ।

प्रकाशक तथा सम्पादक कृष्ण के. सी. ले वैंशालु प्रकाशनद्वारा **प्रकाश कोविद श्रद्धाञ्जलि विशेषाङ्क**, वर्ष १९, पूर्णाङ्क ६ प्रकाशित गरेर प्रकाश कोविद र उनको लेखनबारे आंशिक परिचय दिने काम गरेका छन्। यसभित्र कृष्ण के. सी., शरद् छेत्री, जगत् छेत्री, निर्मल याद, टिकाप्रसाद राई, बुद्ध सङ्गम, गुप्त प्रधान, केवलचन्द्र लामा, चन्द्र शर्मा, विप्रश, भीम सन्तोष, राजु हिमांशु, तिलक राई, मणी राई धुन आदिको प्रकाश कोविदमाथि कलम चलेको छ। कोविदले आफू विभिन्न समस्याहरूसित जुझ्दै भए तापनि उपन्यास, कथा, नाटक, अनुवाद, चित्रकलाका क्षेत्रमा पुऱ्याएको योगदानबारे आंशिक मूल्याङ्कन वैंशालु पत्रिकाको यस अङ्कभित्रका लेखहरूमा पाइन्छ। यस सन्दर्भमा राजु प्रधान 'हिमांशु'द्वारा उनको लोकप्रिय उपन्यास **अर्को जन्म**माथि विचार गर्ने काम भएको छ। उनले प्रकाश कोविदका उपन्यास लेखनको परिपाटि र बिक्री वितरणलाई हेरेर उनलाई गुलशन नन्दा भन्न चाहेका छन्[1] तापनि त्यस भनाइलाई गहन तुल्याउनका निम्ति कुनै तुलनात्मक मापदण्ड अँगालेको देखिँदैन। यसो भए तापनि नेपाली उपन्यास पठनका क्षेत्रमा पाठकको अभाव, प्रकाशकको कमी र बिक्री वितरणको अव्यवस्थाभित्र प्रकाश कोविदले उपन्यास लेखेर पाठकमा नेपाली उपन्यास पढ्ने परिवेश तयार गरेको विषयलाई सराहना गर्नुपर्ने कुरो उनी मान्छन्।[2] यसै विशेषाङ्कभित्र गुप्त प्रधानले **नोयो**का सन्दर्भमा प्रकाश कोविदको औपन्यासिक वैशिष्ट्यलाई र केवलचन्द्र लामाले कोविदका चित्रकार व्यक्तित्वलाई देखाउने काम गरेका छन्। यसै सिलसिलामा निर्मल याद, वैंशालु प्रकाशनले कोविदसँग र मणीराई 'धुन' कृष्ण के. सी.ले श्रीमती कोविद अथवा रूपा राईसँग अन्तर्वार्ता लिएर प्रकाश कोविदका व्यक्तित्व र साहित्य-कला निर्माणबारे थप प्रकाश पार्ने काम गरिएको छ। समालोचक मोहन पी. दाहालले **दार्जिलिङका नेपाली उपन्यास परम्परा र प्रवृत्ति**मा प्रकाश कोविदको परिचयात्मक टिप्पणी प्रस्तुत गरेका छन्। वस्तुतः साहित्यिक मूल्य र गरिमाका दृष्टिले उनका एकाध उपन्यासहरूबाहेक अन्य सामान्य स्तरका भए तापनि उनी जनसाधारणका उपन्यासकार हुन् तथा हिन्दी भाषाका सस्ता र अश्लील उपन्यास एवं पत्र-पत्रिका पढेर मनोरञ्जन लिन अभ्यस्त साधारण पाठकवर्गलाई आफ्ना

---

[1] राजु प्रधान 'हिंमाशु', स्व. प्रकाश कोविद र अर्को जन्म, वैंशालु प्रकाश कोविद श्रद्धाञ्जली विशेषाङ्क, वर्ष १९, पूर्णाङ्क ६, सन् १९९३, पृ. सं. ८३-८४.

[2] राजु प्रधान हिंमाशु, स्व. प्रकाश कोविद र अर्को जन्म, वैंशालु प्रकाश कोविद श्रद्धाञ्जली विशेषाङ्क, वर्ष १९, पूर्णाङ्क ६, सन् १९९३, पृ. सं. ८८.

उपन्यासद्वारा नेपाली भाषाका पाठक तुल्याउने कार्यमा उनको महत्त्वपूर्ण योगदान रहेको छ[३] भनेर उनले प्रकाश कोविदका उपन्यासकारिताको महत्त्व दर्साएका छन्। कोविदका उपन्यासहरू पाठकमा अश्लील र भद्दा विचार सञ्चार गर्ने किसिमका छैनन्। अतः हिन्दी भाषामा सस्ता र अश्लील उपन्यास एवम् पत्र पत्रिका पढ्ने ती पाठकहरूलाई नेपाली उपन्यासतर्फ डोहोऱ्याउने कोविदका औपन्यासिक तत्त्व र चेतना के हो त भन्ने क्षेत्रतर्फ सो विश्लेषण पर्याप्त देखिँदैन। सतन छेत्रीले **प्रकाश कोविदका उपन्यासहरूमा नेपाली जन-जीवन** शीर्षकमा नेपाली स्नातकोत्तर तह द्वितीय वर्षको लघुशोध पत्र तयार पारेर कोविदका बारेमा प्रकाश पार्ने चेष्टा गरेका भए तापनि सो अध्ययन विस्तृत र पर्याप्त बन्न सकेको पाइँदैन। ८ अप्रेल, २००८ का दिन कालेबुङ महाविद्यालयमा विश्वविद्यालय अनुदान आयोगद्वारा प्रायोजित समकालीन भारतीय नेपाली गद्याख्यान विषयक राष्ट्रिय सङ्गोष्ठी समारोहमा राधा शर्माद्वारा **लोकप्रचलित गद्याख्यान र नोयोको स्थान** शीर्षकमा कार्यपत्र प्रस्तुत गरिएको थियो। यस कार्यपत्रमा कोविदको **अर्को जन्म** जस्तो लोकप्रिय उपन्यासको अध्ययन समेटिएको भेटिएन। शरद् छेत्रीको **केही पृष्ठ अध्ययनका** कितापमा कोविदको कथाकारिता सम्बन्धी वैंशालु विशेषाङ्कमा भएकै लेखलाई अन्तर्भुक्त गरिएको छ।

यसरी प्रकाश कोविदका कृतिहरूमाथि अहिलेसम्म भएका कार्यको सर्वेक्षण गरेर हेर्दा उनका उपन्यासको अध्ययन तथा विश्लेषण विस्तृत रूपले भएको पाइँदैन। लोकप्रिय तथा जनसाधारण जस्ता शब्दहरूको प्रयोग उनका कृतिहरूको चर्चा गर्दा भए तापनि यस विषयमा अध्ययन गर्ने काम पनि अद्यावधि भएको पाइँदैन। उनका कृतिहरूमाथि भएका स्फुट अध्ययनहरू उच्च साहित्यिक मूल्य र निर्माणका दृष्टिकोणबाट नियन्त्रित पाइन्छन्। विश्व साहित्यकै परिप्रेक्ष्यमा लोकप्रिय साहित्य तथा आख्यान लेखनको महत्त्वलाई हेर्ने र अध्ययन गर्ने काम विस्तृत रूपले भएको पाइन्छ। यसो हुँदा यस शोध प्रबन्धमा प्रकाश कोविदका लोकप्रिय उपन्यासहरूबारे समाजपरक अध्ययन प्रस्तुत गरिएको छ।

---

[३] मोहन पी. दाहाल, दार्जिलिङका नेपाली उपन्यास; परम्परा र प्रवृत्ति, दार्जिलिङ: श्याम ब्रदर्श प्रकाशन, सन् २००१, पृ. सं. १२२.

## १.५ शोधकार्यको औचित्य

प्रकाश कोविदबारे भएको पूर्वकार्यको सर्वेक्षणबाट के कुरा स्पष्ट हुन्छ भने नेपाली लोकप्रिय उपन्यास लेखन र कोविदका उपन्यासबारे अध्ययन र विश्लेषण भएको पाइँदैन। जनसाधारणमा प्रिय र प्रचलित भएका प्रकाश कोविदका उपन्यासको समाज सापेक्ष सन्दर्भलाई हेर्ने छुट्टै अवधारणाको खाँचो नेपाली साहित्यलाई परेको देखिन्छ। अतः प्रकाश कोविदका लोकप्रिय उपन्यासहरुको समाजपरक अध्ययन र विश्लेषण विद्यावारिधि तहको शोधकार्यका निम्ति एउटा औचित्यपूर्ण विषय हो भन्ने कुरा स्वतः स्पष्ट छ। यसै तथ्यलाई केन्द्रमा राखी शोध प्रबन्ध तयार पार्ने काम गरिएको छ।

## १.६ शोधकार्यको सीमाङ्कन

विषय अध्ययनको गहनता, विस्तृतता एवम् आयाम र पाटाहरुलाई क्षेत्र र सीमाभित्र रही अध्ययन गर्दा अध्ययनले सन्तुलित मापदण्ड पाएको हुन्छ। यो शोध प्रबन्ध प्रकाश कोविदका लोकप्रिय उपन्यासहरुमा सीमित रही तिनको स्वरुप र समाजपरक विश्लेषण गर्ने योजनाद्वारा तैयार भएको छ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्यका निम्ति शोधविधिका निम्न पद्धति अँगालिएको छ-

क. सामग्री सङ्कलन विधि

ख. सैद्धान्तिक ढाँचा वा विश्लेषण विधि

### क. सामग्री सङ्कलन विधि

यस विधिअन्तर्गत निम्न दुई प्रकारका पद्धति यो शोध प्रबन्ध तैयार गर्दा अँगालिएको छ-

i. पुस्तकालय अध्ययन विधि

ii. क्षेत्रकार्य र अन्तर्वार्ता

i. पुस्तकालय अध्ययन विधि

यो शोध प्रबन्ध तैयार पार्दा विभिन्न पुस्तकालयतिर गएर सामग्री सङ्कलन गर्ने काम गरियो। यसो गर्ने क्रममा उत्तर बङ्ग विश्वविद्यालयको केन्द्रीय पुस्तकालय, उत्तर बङ्ग विश्वविद्यालयको नेपाली विभागीय पुस्तकालय, कालेबुङको महकुमा पुस्तकालय, बिजनबारी ग्रामीण पुस्तकालय, खरसाङस्थित गोर्खा जन पुस्तकालय, खरसाङकै ब्लुमफिल्ड सब-डिभिजनल पुस्तकालय, दार्जिलिङस्थित देशबन्धु पुस्तकालय, दार्जिलङकै उदय ग्रामीण पुस्तकालय, दार्जिलिङस्थित गिङबस्तीको लेडेनला ग्रामीण पुस्तकालय, कोलकातास्थित राष्ट्रिय पुस्तकालय, बनारस हिन्दू विश्वविद्यालयको केन्द्रीय पुस्तकालय, दिल्लीस्थित जवाहरलाल नेहरू विश्वविद्यालयको केन्द्रीय पुस्तकालयतिर गएर शोधकार्यसँग सम्बन्धित सामग्री सङ्कलन गर्ने काम गरियो। यस सँगसँगै वर्तमान सञ्चार व्यवस्थाको सुविधा ग्रहण गर्दै इन्टरनेटका माध्यमद्धारा शोधसँग सम्बन्धित सामग्रीहरू खोज्ने काम गरियो। यस सुविधाद्धारा विभिन्न पुस्तकालयका पुस्तक सूची एवम् अनलाइन जर्नलका लेखहरू उपलब्ध गराउने वेबसाइट खोज्ने र सामग्री सङ्कलनका निम्ति कार्ययोजना बनाउने काम गरियो। यस क्षेत्रमा आफूसँग भएका सामग्रीहरू मात्र पाइने ठाउँतिर नजाने र आफूसँग नभएका सामग्रीहरू पाइने ठाउँतिर जानुपर्ने स्थितिको जानकारीसहित कामको सुविधा शोधकर्तालाई प्राप्त भयो।

ii. क्षेत्रकार्य र अन्तर्वार्ता

शोध प्रबन्ध तयार पार्ने कामका निम्ति गरिएको शोधकार्य अन्तर्गत शोधकर्ताद्धारा सम्बन्धित व्यक्ति एवम् साहित्यकारहरूसँग अन्तर्वार्ता लिने काम गरियो। विषय र अध्ययनका निम्ति चाहिने सारगर्भित प्रश्नहरू तयार गरेर नै सम्बन्धित व्यक्तिहरूसित अन्तर्वार्ता लिने काम गरियो। पुस्तकालयहरूमा प्राप्त हुन नसकेका सामग्री जुटाउनका निम्ति सम्बन्धित विज्ञजनसित अन्तर्वार्ता लिनुपर्ने महत्त्वलाई बुझेर यस विधिलाई शोधकार्यका क्षेत्रमा अँगालियो।

ग. सैद्धान्तिक ढाँचा वा विश्लेषण विधि

प्रस्तुत शोध प्रबन्ध तयार पार्नका निम्ति उपलब्ध सामग्रीहरूको विश्लेषण गरेर सैद्धान्तिक ढाँचा निर्माण गर्ने काम शोधकार्यमा गरियो। उपलब्ध सामग्रीहरूको विश्लेषण र सामन्यीकरणद्धारा

निष्कर्षमा पुग्ने क्रममा यस शोधकार्यमा विशेषतः पाश्चात्य साथै पूर्वीय चिन्तकहरूको सान्दर्भिक सिद्धान्त र पद्धतिहरूलाई अङ्गीकरण गर्ने काम गरिएको छ। साहित्यको समाजपरक अध्ययन गर्नका निम्ति समाज र साहित्यको सम्बन्ध देखाएर अध्ययन गर्ने पद्धति साहित्यको समाजशास्त्रबारे बुझ्नु आवश्यक रहन जान्छ। यसो हुँदा साहित्यको समाजशास्त्रीय अध्ययन पद्धति र मान्यताहरूबारे विद्वान्हरूको विचारलाई प्राप्त सामग्रीका आधारमा प्रस्तुत गर्ने काम शोध प्रबन्धमा गरिएको छ। साहित्यको समाजपरक अध्ययनका निम्ति साहित्यको समाजशास्त्रीय अध्ययनबाट विशिष्ट पद्धतिहरु लिने काम गरिएको छ। शोध प्रबन्धमा प्रकाश कोविदका लोकप्रिय उपन्यासहरूको समाजपरक अध्ययन गरिएको हुनाले साहित्यको समाजशास्त्रीय अध्ययनले प्रस्तुत गरेका वितरण व्यवस्था, पाठक समुदाय जस्ता सन्दर्भहरू अँगाल्दै उपन्यासमा भएका सामाजिक, धार्मिक, आर्थिक, राजनैतिक, शैक्षिक र सांस्कृतिक पक्षहरू केलाउने काम गरिएको छ। यसका साथै लोकप्रिय उपन्यास लेखनको स्वरुप, ढाँचा र उच्च साहित्यिक मर्यादासँग त्यसको सम्बन्धबारे विचारहरूको विश्लेषण गरेर कोविदको साहित्यिक मर्यादामाथि दृष्टि दिने काम यस शोध प्रबन्धमा भएको छ। शोध प्रबन्धमा पाद टिप्पणी राख्ने, फन्टको आकार राख्ने, पङ्क्तिमाझ ठाउँ छोड्ने काममा **एम. एल. ए ह्यान्डबुक फर राइटर्स अफ रिसर्च पेपर**, सातौं संस्करणलाई आधार बनाइएको छ। शोधकार्यका निम्ति अँगालिएका सन्दर्भ ग्रन्थहरूका प्रकाशन साल र प्रकाशन संस्था शोधकर्ताले प्राप्त गरी पढेकै पुस्तकहरुमा आधारित छन्। पुस्तकका जुन-जुन संस्करण शोधकर्तालाई प्राप्त भए तिनैका प्रकाशन साल र प्रकाशन संस्था सन्दर्भ सूचीमा प्रस्तुत गरिएको छ। प्रकाशन साल उल्लेख नभएका तर प्राप्त भई पढिएका पुस्तकहरूको प्रकाशन साल भने उल्लेख गरिएको छैन।

## १.८ शोधकार्यको सङ्गठन

अध्ययन सुविधाका निम्ति प्रस्तुत शोध प्रबन्धलाई छवटा अध्यायमा विभाजन गरी यसको रुपरेखा तयार गरिएको छ। यसको पहिलो अध्यायको शीर्षक **शोध परिचय** छ। यसभित्र शोधको शीर्षक, शोध-समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको सर्वेक्षण, शोधकार्यको औचित्य,

शोधकार्यको सीमाङ्कन, शोधविधि र भावी शोधकार्यलाई सुझाउ जस्ता विषयहरू रहेका छन्। दोस्रो अध्यायमा शोधकार्यको सैद्धान्तिक ढाँचाबारे अध्ययन प्रस्तुत गरिएको छ। यसो गर्ने क्रममा साहित्य र लोकप्रिय साहित्य, साहित्यको समाजशास्त्र, साहित्य र समाज, समाजमा साहित्य र साहित्यकार, साहित्य र पाठक समुदाय, लोकप्रिय साहित्यको समाजशास्त्र, लोकप्रिय साहित्य र समाज, लोकप्रिय साहित्य र पाठक, लोकप्रिय साहित्यको समाजपरक अध्ययन, लोकप्रिय साहित्यको स्वरूप, लोकप्रिय साहित्य र वितरण व्यवस्था, लोकप्रिय उपन्यासबारे अध्ययन र विचार प्रस्तुत गर्ने काम गरिएको छ।

शोध प्रबन्धको तेस्रो अध्यायको शीर्षक **लोकप्रिय आख्यान लेखनको पृष्ठभूमि र नेपाली लोकप्रिय आख्यान** रहेको छ। यसभित्र आख्यानको परिचयात्मक टिप्पणी, लोकप्रिय आख्यानको पृष्ठभूमि र नेपाली लोकप्रिय आख्यानबारे अध्ययन र विचार प्रस्तुत गरिएको छ। चौथो अध्यायमा कोविदका व्यक्तित्व र कृतित्वबारे अध्ययन गरिएको छ। कोविदका जन्म र नाम, पारिवारिक जीवन, शिक्षा, कर्ममय जीवन, देहावसान, चित्रकारिता, हस्तशिल्पकारिता, अनुवाद कौशल, पाठ्य-पुस्तक निर्माता, नाट्यकारिता, कथाकारिता, उपन्यासकारिता आदि विषयहरूको परिचयात्मक अध्ययन यस अध्यायमा रहेको छ। पाँचौँ अध्यायको शीर्षक **प्रकाश कोविदका लोकप्रिय उपन्यासहरूको समाजपरक अध्ययन** रहेको छ। यसभित्र प्रकाश कोविदका लोकप्रिय उपन्यासहरूको स्वरूप, पाठक समुदाय र कोविदका लोकप्रिय उपन्यास, वितरण व्यवस्था र कोविदका उपन्यास, कोविदका उपन्यासको साहित्यिक मर्यादा, समाज र कोविदका उपन्यासबारे अध्ययन प्रस्तुत भएको छ। समाज र कोविदका उपन्यासको सम्बन्ध देखाउने क्रममा उपन्यासभित्र भएका सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक, धार्मिक र शैक्षिक परिवेश र आधारहरू विश्लेषण गर्ने काम गरिएको छ। शोध प्रबन्धको छैटौँ अध्यायमा शोधकार्यका **उपसंहार** र **निष्कर्ष** प्रस्तुत भएको छ। उपसंहार अंशमा शोध प्रबन्धका पूर्ववर्ती अध्यायहरूमा गरिएका कार्यहरूको साररूप प्रस्तुत गर्ने काम र निष्कर्ष अंशमा प्रस्तुत शोधकार्यबाट प्राप्त निष्कर्षलाई बुँदागत रूपमा प्रस्तुत गर्ने काम गरिएको छ। यसपछि शोधकार्यका निम्ति प्रयोग गरिएका पुस्तक र पत्र-पत्रिकाको सूची साथै परिशिष्ट राखिएको छ।

## १.९ शोधकार्यको निष्कर्ष

गम्भीर वा उच्च वा मर्यादित ठानिने साहित्यको अध्ययन जस्तै लोकप्रिय साहित्यको अध्ययनले पनि उस्तै महत्त्व राखेको देखिन्छ। साहित्य पठनका निम्ति पाठक चाहिने हुँदा त्यसमा लोकप्रिय भन्ने तत्त्व स्वतः अन्तर्भुक्त हुन्छ। पाठकले पढिदिएन भने अथवा पढ्न रुचाएन भने पाठको सृजन उद्देश्य मेटिएर जान्छ। अतः साहित्य पठन पाठकको लोकप्रिय अभिप्राय हो र त्यस अभिप्रायद्वारा उसको पठन उद्देश्य परियोजित हुन्छ। साहित्यले प्रतिपादन गर्ने मूल्य चेतना, समाज सापेक्ष दृष्टिकोण, सामाजिक सरोकार, कलात्मक संयम जस्ता विषयद्वारा पाठ एउटा गम्भीर र कलात्मक क्षेत्रमा प्रवेश गर्छ भन्ने मान्यता राखिए तापनि लोकप्रिय सूत्रमा लेखिएका पाठहरूले सो क्षेत्रमा प्रवेश पाउन सक्दैनन् भन्ने मान्यता निर्धारण गर्न सकिँदैन। अतः लोकप्रिय सूत्रमा लेखिएका रचनामा पनि उल्लिखित विषयको अन्तर्भावन हुन सक्छ। समाज सापेक्ष सन्दर्भ अथवा विषय लोकप्रिय पाठद्वारा प्रतिपादित भए लोकप्रिय लेखनलाई कुनै नकारात्मक क्षेत्रमा राख्न सकिँदैन। यसबेला पाठको छुट्टै महत्त्व स्थापित हुन्छ।

लोकप्रिय साहित्यको समाज सापेक्ष पठनबाट समाजमा पाठकीय रुचि र आकांक्षाको स्थिति बुझ्न सकिन्छ। समाजमा लोकप्रिय साहित्य अथवा यसमा पनि विशेष गरी उपन्यास पढ्ने पाठकहरूको सङ्ख्या धेर हुने हुनाले यसलाई समाजसापेक्ष अध्ययनका क्षेत्रदेखि अलग्गै राख्न सकिँदैन। यसो गरिए पाठक समुदायको एउटा व्यापक समूह नै ओझलमा परेर जान्छ। लोकप्रिय उपन्यास प्रकाशन र वितरणका क्षेत्रमा बजार व्यवस्था र बजार भाउसँग प्रकाशन संस्था सचेत रहे तापनि उत्पादित उपन्यास पढ्ने समाज र पाठकसँग सम्बन्ध नभएसम्म त्यसको बिक्री व्यवस्थाले सफलता पाउन सकेको हुँदैन। यसो हुँदा लोकप्रिय उपन्यास समाजको सापेक्षतामा नै सृजित हुनुपर्ने स्थिति रहन्छ। समाज सापेक्ष सन्दर्भसँग लोकप्रिय साहित्यले सोझो र व्यञ्जनापूर्ण सम्बन्ध राख्न सक्छ। समाजमा कुनै समयमा मानिसको लोकप्रिय रुचि र विचारभावको स्वरूप कस्तो थियो भन्ने विषय लोकप्रिय साहित्यको समाजपरक अध्ययनबाट जान्न सकिन्छ। साहित्य सृजना र यसको समाजपरक अध्ययनका क्षेत्रमा समग्रता स्थापना गर्नु हो भने उच्च एवम् कलात्मक साहित्यको अध्ययनसँगसँगै लोकप्रिय साहित्यको

अध्ययन पनि महत्त्वपूर्ण हुन्छ। समाजमा दुवै थरीका साहित्य लेखिने र पढिने काम भएको हुन्छ। लोकप्रिय साहित्यलाई सस्तो र सतही भनेर हेय दृष्टिले हेरेर अध्ययनका क्षेत्रदेखि छोडिदिँदा साहित्यको समाजपरक अध्ययनले समग्रता पाउन सक्दैन। उत्तरआधुनिक साहित्य अध्ययनले गम्भीर र सतही, उच्च र सस्तो भन्ने विषय मान्दैन। अध्ययनका क्षेत्रमा सबै पाठको महत्त्व समान रहन्छ भन्ने धारणा यहाँ राखिन्छ। यस क्षेत्रमा लोकप्रिय साहित्य अध्ययनको महत्त्व पनि उत्तिकै सारगर्भित ठहरिन्छ।

लोकप्रिय उपन्यासको विधागत स्वरुप यसको शीर्षक र कथानक प्रस्तुतिको ढाँचाद्वारा निर्धारित भएको हुन्छ। यसै आधारमा लोकप्रिय रहेका विज्ञान उपन्यास, जासुसी उपन्यास, प्रेमपरक उपन्यास, अपराधसम्बन्धी उपन्यास आदिले आफ्ना आफ्नै स्वरुप ग्रहण गरेका हुन्छन्। लोकप्रिय उपन्यास लोकप्रिय साहित्यकै एउटा हाँगो हो। लोकप्रिय उपन्यास सामाजिक द्वन्द्व एवम् परिवेशकै आधारमा निर्मित हुन्छ। यसैले लोकप्रियता प्राप्त गर्नका निम्ति यसले सामाजिक परिवेश र पाठकीय अभिरुचिको ख्याल गर्ने काम गरेको हुन्छ। लोकप्रिय उपन्यास प्रेम, विज्ञान, जासुस, अपराध, सन्त्रासजस्ता विविध विषयहरूमा लेखिएको पाइन्छ। यीमध्ये प्रेमपरक लोकप्रिय उपन्याससँग भने अधिकांश नेपाली पाठकहरू परिचित र सम्बन्धित पाइन्छन्।

आख्यान संस्कृतको **ख्या** धातुमा **ल्युट** प्रत्यय र आ उपसर्ग लागेर बनेको पद हो। आधुनिक कालमा कथा र उपन्यासका निम्ति आख्यान पद रुढप्रायः भएको पाइन्छ। यसले पहिला इतिवृत्तात्मक भएका सम्पूर्ण कल्पित तथा सत्य पाठहरू बुझाउने काम गर्थ्यो भने आधुनिक कालमा यसले कथा र उपन्यासलाई बुझाउँछ। यसर्थ लोकप्रिय उपन्यासहरूलाई लोकप्रिय आख्यान भनेर पनि अध्ययन गरिएको छ। मानिससँग आख्यानको सम्बन्ध पुरानो छ। कथा भन्ने, सुन्ने र कथ्ने परम्पराले यसलाई दर्साउँछ। अतः आख्यानको लोकप्रियता मानव सभ्यताको सुरुसँगै देखिन्छ। लोककथा, परीकथा आदि यस क्षेत्रमा पर्छन्। यसो भए तापनि वर्तमान समयमा देखिएको लोकप्रिय आख्यानले भिन्नै सन्दर्भ र इतिहास बुझाउने काम गर्छ। विशेषतः मुद्रित सामग्रीको उपलब्धता, पत्रकारिता र प्रकाशन व्यवस्थाको विकाससँग वर्तमान लोकप्रिय आख्यान साहित्यको ऐतिहासिक सन्दर्भ जोडिएको छ। यसो हुँदा वर्तमान लोकप्रिय आख्यानसँग व्यवसायिक सन्दर्भ स्वतः जोडिएको छ। वर्तमान लोकप्रिय आख्यान पुस्तक

पसल, बजार व्यवस्था, मिडिया र सञ्चारको परियोजित परिवेशबाट विस्तारित छ। नेपाली भाषामा आख्यान लेखन र पठनको परम्परा तीन सय वर्षजतिको मात्र छ। यसो भए तापनि मौखिक साहित्यिक परम्पराको अवधि लामो भेटिन्छ। नेपाली भाषामा **महाभारत विराटपर्व, अध्यात्म रामायण, प्रेमसागर, दुर्गासप्तशती, रामायण, मेरिना चरित्र, हातिमताईको कथा, वीरसिक्का, बीरवल चातुरी, चन्द्रकान्ता, महेन्द्रप्रभा, वीरचरित्र, महाकाल जासुस, तोतामैनाको कथा, शुकबहत्तरीको कथा, पञ्चतन्त्र, दशकुमारचरित्** जस्ता कृतिहरूबाट आख्यान साहित्य विकसित भएको र यसले आफ्नो स्वरुप निर्धारण गर्दै आएको पाइन्छ। पौराणिक, धार्मिक र जादुयी, ऐयारी क्षेत्रबाट अनूदित यी कृतिहरूले नेपाली आख्यानको सम्बन्धलाई अन्य भाषा-साहित्यसित गाँस्ने र यस क्षेत्रमा लोकप्रिय रहेका विषयहरू देखाउने काम गरेका छन्। उपन्यास विधा आधुनिक कालको एउटा नयाँ विधा भएको हुनाले यसलाई धेर मात्रामा समाज सापेक्ष सन्दर्भबाट बुझ्ने गरिन्छ तापनि यसको स्वरुप निर्माणमा पूर्ववर्ती आख्यान कृतिहरूको महत्त्व रहेको विषय नकार्न सकिँदैन।

नेपाली भाषामा उपन्यास स्वच्छन्दवादी, यथार्थवादी, अस्तित्ववादी, मनोविश्लेषणवादी, विसङ्गतिवादी, प्रगतिवादी, आयामवादी, लीलावादी, विनिर्माणवादी प्रवृत्तिहरूमा छुट्टिएको पाइन्छ। यिनै धाराहरू सँगसँगै लोकप्रिय सूत्रमा उपन्यास लेख्ने काम पनि यहाँ भएको पाइन्छ। लोकप्रिय सूत्रमा नेपाली भाषामा उपन्यास लेख्ने परम्परा हेर्दा एकाध सर्जकहरूका लेखनले सफलता प्राप्त गरेको देखिन्छ। आजभोलि नेपाली भाषामा समयकाल बुझेर लोकप्रिय उपन्यास लेख्ने उस्तो उद्यम देखिँदैन। यसो हुँदा लोकप्रिय उपन्यास पढ्न रुचाउने पाठकहरू अन्य भाषाका लोकप्रिय आख्यानमाथि निर्भर देखिन्छन्। प्रकाश कोविद, सुवास घिसिङ, ज्ञानेश्वर गिरी, गिरिराज आचार्य, नेत्र कैदी, प्रसाद, सुजातजस्ता सर्जकहरूबाट लोकप्रिय उपन्यास लेख्ने काम भएको भेटिन्छ। यिनीहरूमध्ये लोकप्रिय उपन्यास लेखन र त्यस उद्यमद्वारा पाठक समूहको निर्माणमा प्रकाश कोविदको योगदान महत्त्वपूर्ण छ। उच्च माध्यमिक तहको शिक्षा ग्रहण गरे तापनि आफ्नो सृजन कौशलद्वारा उनले नेपाली उपन्यासका क्षेत्रमा सराहनीय योगदान पुऱ्याएका छन्। नेपाली उपन्यास पढ्ने क्षेत्रमा पाठक समुदायको निर्माण गर्ने काममा उनको योगदान महत्त्वपूर्ण छ। पाठक समुदायमा उपन्यासकारका रूपमा नै उनी धेर परिचित

छन्। उपन्यासबाहेक उनले कथा लेख्ने, अनुवाद गर्ने, चित्र बनाउने, पाठ्य-पुस्तक निर्माण गर्ने, नाटक लेख्ने काम पनि गरेका छन्। कोविदले प्रेम-प्रीतिका उपन्यास नै धेर लेखेका छन्। **नोयो, तर कहिले?** र **प्रेम समाधि** जस्ता राष्ट्रिय साथै अन्तर्राष्ट्रिय समस्यामा आधारित उपन्यासहरुमा पनि उनले प्रेम-प्रीतिको मार्मिक प्रसङ्ग सृजना गरेका छन्।

कोविदका लोकप्रिय उपन्यासहरुका शीर्षक विषय केन्द्रित छन्। उपन्यासले प्रस्तुत गरेका कथानकको सारररुपकै आधारमा उपन्यासका शीर्षकहरु राखिएका छन्। अतः शीर्षकद्वारा नै उपन्यासमा निर्माण गरिएको कथानकीय स्वरुप पाठकअघि उभिन्छ र यसले पठनका निम्ति पाठकमा एउटा फ्यान्ट्यासीको परिवेश सृजना गर्छ। कोविदका उपन्यासको कथानक घटनाको एउटा मेसो अथवा सिलसिलाबाट सुरु हुन्छ र त्यसले अन्त्यसम्म विस्तार पाउँछ। उनका उपन्यासमा एउटापछि आउने अर्को कथानकीय घटनाको अनुमान लगाउन सकिने सूत्र छ जसले पाठकलाई कथानकसँग उपन्यासको अन्त्यसम्मै डोऱ्याएर लाने काम गर्छ। कोविदका उपन्यासमा सत्चरित, सामाजिक, कर्तव्यनिष्ठ, गुणी, आदर्शवादी, त्यागी र समर्पित गुणका आधारमा नायक र नायिका अथवा चरित्रहरु परिकल्पित छन्। असामाजिक र दुष्ट चरित्रहरुलाई पनि सामाजिक धरातलमा झुकाउन र आदर्श परिवेशको सृजना गर्नका निम्ति कथानक सिलसिलाको आयोजन उनका उपन्यासमा गरिएको पाइन्छ। कोविदका उपन्यासमा प्रयुक्त भाषा-शैली साउँअक्षर जानेका पाठकले पनि पढेर बुझ्न सक्छन्। यसो हुँदा उनका उपन्यासको विस्तृति शिक्षित पाठक समुदायदेखि अल्पशिक्षित पाठक समुदायसम्म पाइन्छ। उनका उपन्यासमा प्रयुक्त भाषा-शैलीद्वारा घटना, चरित्र, स्थान एवम् ठाउँ, समय-परिस्थिति, चारित्रिक द्वन्द्व, सङ्घर्ष, लडाइँ, प्रेम, द्वेष, आनन्द, हर्ष-अमर्ष, दुःख-कष्ट आदिको चित्रण भएको छ, जुन लोकप्रिय लेखनको एउटा विशेषता हो। उनका उपन्यासमा प्रयुक्त भाषा-शैलीले पाठकलाई उपन्यास पठनको बिच बाटोमा नै थकाउने काम गर्दैन, बरु त्यस यात्राका निम्ति पाठकलाई तत्पर र जाँगरिलो बनाएर राख्ने काम गर्छ।

वितरण व्यवस्थाको सीमित सुविधाबाट कोविदका उपन्यासहरु लोकप्रिय छन्। नेपाली साहित्यको प्रकाशनका क्षेत्रमा रहेका सानोतिनो अथवा मझौला स्तरका प्रकाशन संस्थाहरुबाट प्रकाशित उनका

उपन्यासहरू पुस्तक पसलका माध्यमले नै पाठक समुदायमा वितरित पाइन्छन्। कोविदका उपन्यासले पाठक समुदायमा अभद्र, अश्लील, अपराध र हिंसाको भावना सञ्चार गर्दैनन्। यसो हुँदा उनका उपन्यासले उच्च एवम् कलात्मक उपन्यास लेखनसित परिष्कृत र मर्यादित सम्बन्ध स्थापना गरेका छन्। भाषा, साहित्य र कलाप्रति पाठकलाई सचेत तुल्याउने घटना र प्रसङ्गहरूको आयोजना उनका उपन्यासहरूमा भएको पाइन्छ। यसर्थ उनका उपन्यास पढेर पाठक समुदाय भाषा, साहित्य र कलादेखि विमुख हुन्छन् भन्ने मान्यता निर्धारण गर्न सकिँदैन। लोकभावनाअनुसार सृजना गरिएका उनका उपन्यासले नेपाली समाज, पाठक र साहित्यमाझ मध्यस्थता कायम गरेका छन्। **नोयो** तिब्बती समाज र **प्रेम समाधि** बङ्गलादेशको जनयुद्धका सन्दर्भमा रचिएका उपन्यास भए तापनि तिनको सम्बन्ध नेपाली समाज र परिवेशसँग गाँस्ने काम गरिएको छ। अतः उनका उपन्यासमा नेपाली समाजको सन्दर्भ अन्य समाजसँग पनि गाँसिन पुगेको छ।

वस्तुतः कोविदका उपन्यासमा प्रेम प्रमुख विषय छ र यसकै परिधिभित्र समाजको सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक, शैक्षिक, धार्मिक परिवेशहरू घुमेका छन्। समाज सापेक्ष सन्दर्भबाट घटना लिएर उपन्यासको कथानक निर्माण गरिएको हुनाले उनका उपन्यासमा समाजको उपस्थिति टड्कारो छ। समाजदेखि भिन्न परिवेशबाट उनका उपन्यासमा प्रेमको निर्मिति छैन। अतः उनका उपन्यासमा प्रेम प्रमुख तत्त्व भए तापनि यसबाट समाज विलुप्त छैन। समाजका स्थितिगत सत्यहरू उपन्यासमा देखिएका छन्।

## १.१० भावी शोधकर्तालाई सुझाउ

प्रस्तुत शोधकार्यको अनुभवका आधारमा लोकप्रिय साहित्यमाथि शोधकार्य गर्न चाहने भावी शोधकर्ताहरूलाई सुझाउ दिन खोज्दा निम्नलिखित विषयहरूमा विधा स्तरको शोधकार्य गर्न सकिने सम्भावनाहरू देखापर्छन्-

क. **नेपाली र हिन्दी भाषाका लोकप्रिय उपन्यासहरूको तुलनात्मक अध्ययन।**

ख. **लोकप्रिय उपन्यास लेखन प्रविधि र नेपाली उपन्यासको अध्ययन।**